नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

कार्तिक/मंसीर २०७० (November 2013) वर्ष १७/अङ्क २००

## "परमेश्वरमा हाम्रो समर्पण"

डीकन घनश्याम दाहाल

**रोमीको पुस्तकको छोटो परिचयः**

यो पत्र पावलले रोममा बसोबास गरी बस्ने सन्त ख्रीष्टियानहरूलाई मात्र नभई सम्पूर्ण यहूदी र अन्यजातिहरूलाई समेत कोरिन्थबाट लेखिएको पत्र हो (रोमी १:१)। यो पत्र इ.सं. ५५-५८ तिर लेखिएको थियो। यस पत्रमा फिवीको नाम पावलले सिफारिस गरेका छन्।

रोम शहरचाहिँ चारैतिरको मुख्य व्यापारिक केन्द्र थियो। उक्त शहरमा विभिन्न मत मान्ने यहूदीहरू बसोबास गर्दथे। पावल आफै यहूदीहरूका धार्मिक गुरु थिए।

यस पत्रको मुख्य उद्देश्य स्पेन र एन्टिओकमा परमेश्वरको सेवकाइ गर्ने पावलको व्यक्तिगत वास्ता साथै रोममा पनि विशेष वास्ता थियो भन्ने कुरा हो। एन्टिओक पावलको पुर्खौली घर थियो। मुक्ति र उद्धार भन्ने कुरा येशूमा बाहेक अरू कुनैमा पनि छैन भन्ने कुरा साथै विश्वासद्वारा धर्मी ठहरिने कुरा, मुक्तिको निश्चयता, उद्धार, मिलाप र इसाई जीवनको आचरण आदि अझ अरू धेरै कुराहरू हामी यस पत्रबाट सिक्न पाउँछौं। यस व्यक्तिगत पत्रद्वारा पावलको हृदयमा रोमीहरूप्रति विशेष वास्ता थियो भन्ने कुरा साबित हुन्छ। पावलको विशेष रोमीहरूको उद्धारको लागि चासो थियो तर पावल यरुशलेमको यात्रा गर्दा थाहा पाए कि यदि अहिले उनी रोममा गए भने उनलाई मार्ने षड्यन्त्र भैरहेको छ भन्ने कुरा थाहा पाएर उनले प्रार्थनाको लागि बिन्ती गरेका छन् (रोमी १५:३०-३१)। रोममा रहेका मण्डलीहरू, पावलको व्यक्तिगत रूपमा घनिष्टता थियो। रोममा रहेका मण्डलीहरूको जग नै अकिला र प्रिश्किला हुन् (रोमी १६:३, प्रेरित १८:२-३, रोमी १६:१३, मर्कूस १५:२१)। रोममा सुसमाचार ल्याउनेहरू सर्वसाधारण नै थिए। पावलको मुख्य लक्ष्य नै सर्व साधारणद्वारा नै परमेश्वरको राज्यको फैलावट र वृद्धि ल्याउने थियो।

ख्रीष्टियान विश्वास यहूदीजातिबाट आएको हो। त्यसैले यहूदीहरू आदरका योग्य छन् (रोमी ११:१८)। यस अर्थ रोमचाहिँ एउटा परमेश्वरको सर्वव्यापी योजनामा पर्दछ।

एकपटक एकजना दाई आराधना सेवामा ढिलो आउनुभयो र असरिङ्ग गर्ने (बस्ने ठाउँ मिलाउने दिदी) लाई सोध्नुभयो, "आजको आराधना सेवा सकियो ?" असरिङ्ग गर्ने दिदीले जवाफ दिनुभयो, "प्रचारचाहिँ सकियो तर सेवाचाहिँ अब शुरू हुन्छ।"

रोमी १-११ अध्यायसम्म परमेश्वरको धार्मिकता, विश्वास, मिलाप, मुक्तिको निश्चयता, ख्रीष्टिय जीवनसम्बन्धी सैद्धान्तिक आधारभूत शिक्षाको बारेमा उल्लेख गरेको पाइन्छ। रोमी १२ अध्यायको शुरूको पहिलो वाक्य नै 'यसकारण' बाट शुरू भएको छ। यो वाक्यबाट नै व्यवहारिक शिक्षा शुरू हुन्छ। 'यसकारण' उक्त वाक्यले ११ अध्यायलाई जोड्ने काम गरेको छ। पूरै रोमी १२ अध्यायले व्यवहारिक कुरा गर्नलाई आज्ञा गरेको छ। यो पूरै १२ अध्याय वर्तमान कालमा लेखेको छ। रोमी १२ अध्यायलाई चार भागमा बाँड्न सकिन्छः

१) परमेश्वर र मानिसको बीचको सम्बन्ध (परमेश्वरमा विश्वासीहरूको समर्पण) रोमी १२:१-२

२) पवित्र आत्माका वरदानहरूको सम्बन्धमा रोमी १२:३-८

३) विश्वासी दाजुभाइ र दिदीबहिनीहरू बीचको सम्बन्धमा रोमी १२:९-१३

४) विश्वासी र विश्वासमा नआएकाहरूको सम्बन्धमा (रोमी १२:१४-२१)

आजको पाठमा हामी परमेश्वरमा हाम्रो समर्पण र सम्बन्धको बारेमा हेर्न जान लागिरहेका छौं। रोमी १२:१-२ लाई पढ्नेछौं।

१) परमेश्वर र मानिसको बीचको सम्बन्ध (परमेश्वरमा विश्वासीहरूको समर्पण) हिब्रू र ग्रीकहरूका अनुसार हाम्रो शरीरचाहिँ भौतिक पदार्थले मिलेर बनेको हुन्छ। परमेश्वरले बनाउनुभएको सबै कुरा असल थियो। मानिसले त्यसलाई कसरी चलाउँछ, व्यक्तिमा भर पर्दछ। उत्पत्ति १:३१ परमेश्वरमा हाम्रो सम्बन्ध स्थापित गर्नका लागि र र परमेश्वरमा समर्पण गर्न पवित्रकरणको आवश्यक पर्दछ। यो हाम्रो कोशिषले हुने कुरा होइनन, यसको लागि पवित्र आत्माको भरपूरी चाहिन्छ। पवित्र आत्माले मात्र हामीलाई पवित्र बन्दै जानका लागि सहायता गर्नुहुन्छ। पवित्रता भन्ने कुरा एच्छिक होइन, अनिवार्य हो (हिब्रू १२:१४)। पवित्रताको निम्ति तीब्र इच्छा गर, संसारका खराब इच्छातिर नलाग तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ। परमेश्वर पवित्र हुनुहुन्छ, तिमीहरू पनि पवित्र होओ (१ पत्रुस १:१४-१६)।

कलस्सी ३:५,८, १ पत्रुस १-२, याकूब १:२१ अनुसार यी खण्डहरूमा पनि 'यसकारण' भन्ने वाक्यबाट शुरू भएको छ। समस्त हाम्रो शरीरमा भएका स्वभावलाई मार, त्याग, छोड, नलाग, नचल आदि। यसकारण संसारिक स्वभावका कुराहरूलाई मारः व्यभिचार, अशुद्धता, कामुकता, खराब इच्छा, लोभ आदि। त्यसै गरी सबै कुरा त्यागः रिस, क्रोध, डाहा, निन्दा, मुखबाट निस्कने फोहोर बोली, झूट आदि। यसकारण सबै दुष्टता, सबै छल र कपट र इर्श्या सबै निन्दाहरूलाई त्याग। यी सबै कुरा त्यागनका लागि आज हामी आफैले कोशिश गरिरहेका छौं, त्यसकारण हामीले हार खानु परेको छ तर हामीलाई हाम्रो शरीर र प्राणको उद्धार हुँदै र यी शरीरका स्वभावबाट छुट्कारा दिनका लागि एकजना व्यक्ति पवित्र आत्मा परमेश्वर (सल्लाहकार) येशूले हामीमा पठाइदिनुभएको छ

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **कात्तिक २३ गते नोभेम्बर ९ ता.** | पाष्टर सामुएल कार्थक | श्रीमती रस्मिला तामाङ्ग | पाष्टर अशोक मुखिया | डीकन गोपाल शर्मा | पाष्टर रोल्याण्ड रोंगोंग | श्री छोगेन रोंगोंग | डीकनेस् ग्रेस खालिङ |
| **मंसीर १ गते नोभेम्बर १६ ता.** | डीकन सिमोन पाठक | पाष्टर अशोक मुखिया | डीकन जेम्स राई | डीकन घनश्याम दाहाल | एल्डर रुबेन श्रेष्ठ | एल्डर सिमोन खालिङ | श्री छयोगेन रोंगोंग |
| **मंसीर ८ गते नोभेम्बर २३ ता.** | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर जमान घलान | एल्डर पूर्ण सुनुवार | पाष्टर रोबर्ट कार्थक | एल्डर श्रीलक्ष्मी सैंजु | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा ललितपुर चर्च |
| **मंसीर १५ गते नोभेम्बर ३० ता.** | एल्डर शामुएल क्षेत्री | डीकन राजु तामाङ्ग | श्री सिद्धि खालिङ | पाष्टर सामुएल कार्थक | डीकन घनश्याम दाहाल | श्री आरन्जन घले | डीकन जनक लाल श्रेष्ठ |
| **मंसीर २२ गते डिसेम्बर ७ ता.** | पा. सामुएल कार्थक पा. रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पा. राजेन्द्र रोंगोंग पा. बि. ब. खवास | डीकन सिमोन भण्डारी | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर सिमोन खालिङ |

जसद्वारा हामी पवित्र बन्दै जान सक्छौं अनि मात्र परमेश्वरलाई मनपर्ने ग्रहणयोग्य बलिदान बन्न सक्छौं । अंग्रेजी बाइबलमा प्रयोग भएको शब्द ("Transformed") Rom12:2, लाई मूल भाषा (ग्रीक) Metamorphousthe भनिन्छ, जसको अर्थ हुन्छ एक तहबाट अर्को तहमा पूरै बदलिनु (भित्रिय र बाहिरिय) परिवर्तन । पवित्र आत्माले हामीलाई अर्कै मानिस (बदलिएको) बनाउनुहुन्छ । यसरी हामी एउटा महिमादेखि अर्को महिमामा रूपान्तरित हुँदै जान्छौं (२ कोरिन्थी ३:१८) ।

येशू खीष्ट हाम्रो लागि एक नमूना हुनुहुन्छ । उहाँले आफैलाई यस संसारको दुष्ट युग र सबै दुष्टता र पापबाट हामीलाई छुट्कारा दिनलाई आफैलाई अर्पण गर्नुभयो (गलाती १:४) ।

के आज हाम्रो लागि येशूले गर्नुभएको समर्पणको खातिर हामी आफैलाई परमेश्वरमा अर्पण गर्न तयार छौं ? हाम्रो इसाई जीवनको हिँडाई पवित्र र निर्दोष छ ? उत्पत्ति ९:६, १ कोरिन्थी १:३०

हामी एका दोश्राको लागि अर्पण गर्न र संसारबाट निर्दोष राख्न तयार छौं ? याकूब १:२७

के आज हामी आत्मामा नियन्त्रित छौं रोमी ८:९
पावलको विचारअनुसार शरीर प्रभुको लागि र प्रभु शरीरको लागि हो (१ कोरिन्थी ६:१३) । हाम्रो शरीर पवित्र आत्माको मन्दिर हो, र हामीले हाम्रो शरीरद्वारा करले होइन रहरले खीष्टको महिमा गर्नुपर्दछ ।

रोमी ६:१३ अनुसार हाम्रा शरीरका अंगहरूलाई पाप गर्नलाई होइन तर परमेश्वरको धार्मिकताको लागि समर्पण गरौं । अब हामी व्यवस्थाको अधीनमा छैनौं तर अनुग्रहको अधीनमा छौं (रोमी ६:१४) । हामीहरूको शरीरलाई परमेश्वरको इच्छामा अर्पण गर्नुपर्दछ । हाम्रो आँखाले असल कुराहरू देख्नुपर्दछ (मत्ती ६:२२-२३) । हाम्रो कानले पवित्र आत्माको आवाज सुन्नुपर्दछ । हाम्रो जिब्रोलाई अरूहरूका लागि आशिषको लागि मात्र प्रयोग गर्नु पर्दछ (याकूब ३:३-१२) हाम्रा हातहरू अरूहरूका लागि सहायता गर्ने र बचाउने हुनुपर्दछ र हाम्रा खुट्टाहरू धार्मिकता र मेलमिलाप गराउने काममा सरिक हुनुपर्दछ ।

रोमी १२ अध्यायको पहिलो खण्डमा पावलले विश्वासीहरूलाई परमेश्वरको सेवामा पूर्ण रूपमा अर्पण गरी दिइहाल्नको लागि विशेष रूपमा आग्रह गरेको छ । यहाँ विशेष गरी वर्तमान समयलाई जोड दिएको छ । हामी यहाँ यो पनि स्पष्ट बुझ्न सक्छौं । इसाई जीवन हाम्रो कोशिषले जिउने जीवन नभएर पवित्र आत्माको भरपूरीमा जिउने जीवन हो । यसकारण हामी दिनहुँ पवित्र आत्माले भरिरहनु जरूरी छ । यसरी भरिरहन्छौं भने हामी पोखिन थाल्छौं । त्यसपछि बग्न थाल्छौं । यसको मतलब हामी पवित्रकरण हुँदै जान्छौं । हामीहरूको जीवन खीष्ट केन्द्रित हुनु जरूरी छ । हामीहरूका सम्पूर्ण जीवनका आचरणले परमेश्वरको प्रेमलाई प्रदर्शन गर्ने हुनुपर्दछ र उहाँको इच्छा पूरा गर्नु नै हाम्रो लक्ष्य हुनुपर्दछ । हामी सबैलाई पवित्र आत्माले पूर्ण समर्पित हुन शक्ति दिऊन् र हामी आज्ञाकारी बन्न सकौं ।

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे<br>बिहान ८:०० बजे भैंसेपाटी | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, साहुगाउँ र धापासी | |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) | |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ | |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल | |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा, भैंसेपाटी | |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, गोंगबू, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल<br>जोरपाटी | |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान , ताहाचल | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैंसेपाटी, कमलाक्षी, ताहाचल | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश | दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | धापासी | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|---|
| **कात्तिक २३ गते नोभेम्बर ९ ता.** | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घलान | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा गोंगबूँ चर्च** | श्री कुमार सेञ्चुरी | एल्डर धन ब. तामाङ्ग |
| **मंसीर १ गते नोभेम्बर १६ ता.** | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा – जोरपाटी चर्च | | | पाष्टर बर्णबास श्रेष्ठ | श्री कुमार सेञ्चुरी | श्रीमती रिना तामाङ्ग | श्रीमती आशामाया तामाङ्ग |
| **मंसीर ८ गते नोभेम्बर २३ ता.** | पाष्टर महेश थान्जू | श्री राज गुरुङ्ग | डीकन नर बहादुर श्रेष्ठ | श्री लाक्पा लामा | श्री जय सिंह | एल्डर छोदेन कार्थक | डीकन बेन्जामिन तामाङ्ग | डीकन हनोक तामाङ्ग |
| **मंसीर १५ गते नोभेम्बर ३० ता.** | डीकन पासाङ तामाङ्ग | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | सुश्री दिल कु. तामाङ्ग | सुश्री रञ्जना ढुङ्गेल | पाष्टर रोल्याण्ड रोंगोंग | श्रीमती शान्ति तामाङ्ग | एल्डर धन ब. तामाङ्ग |
| **मंसीर २२ गते डिसेम्बर ७ ता.** | पाष्टर महेश थान्जू | एल्डर अष्ट श्रेष्ठ | श्री कृष्ण श्रेष्ठ | एल्डर जमान घलान | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | **संयुक्त सेवा गोंगबूँ चर्च** | श्रीमती आशामाया तामाङ्ग |

### जानकारी



कोटेश्वर, नरेफाँट बस्नुहुने नेइम बोहोरेटार मण्डलीको सदस्या श्रीमती डम्बर कुमारी श्रेष्ठ ६६ वर्षको उमेरमा कार्तिक १ गते/अक्टोबर १८ ता. शुक्रबार प्रभुमा सुत्नुभयो ।



तिलगंगा बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री राजेन्द्र देउला ४५ वर्षको उमेरमा असोज २४ गते/अक्टोबर १० ता. बिहीबार प्रभुमा सुत्नुभयो ।



बनेपा नयाँ बस्ती बस्नुहुने नेइम पनौती मण्डलीको सदस्य श्री राम बहादुर बि.क. ६७ वर्षको उमेरमा कार्तिक २ गते/अक्टोबर १९ ता. शनिबार प्रभुमा सुत्नुभयो ।

### विशेष प्रार्थना

१) मंसिर ४ नोमेम्बर १९ ता. मंगलबार हुने संविधान सभाको चुनाव शान्तिपूर्ण वातावरणमा हुन सकोस् भनी प्रार्थना गरिदिऔं ।

२) कात्तिक १७-१९ नोमेम्बर ३-५ ता. नेइम ज्ञानेश्वर चर्चमा हुने अगापे युवा सम्मेलनको लागि प्रार्थना गरिदिऔं ।

३) चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू र प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

४) यो महिनाभरि विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा सभाहरूको लागि प्रार्थना गरिदिऔं ।

२) नेइम अन्तरगतका मण्डलीहरूमा आइतबारदेखि शुक्रबारसम्म भइरहेको बिहानको प्रार्थना सभाहरूमा मण्डलीका धेरैभन्दा धेरै विश्वासीहरू सहभागी हुन सकून् साथै अन्य ठाउँहरूमा पनि प्रार्थना सभाहरू सुरू भएको होस् ।

३) देशको सबै मानिसहरूको आत्मिक आँखा खोलिएको होस् जसको फलस्वरुप मानिसहरूले ख्रीष्ट प्रभुलाई ग्रहण गरी परमेश्वरको राज्यमा आउन सकून् ।

४) विश्वासीहरूको घर-घरमा भ्रूटा शिक्षाका मानिसहरू आएर विश्वासीहरूलाई भ्रममा पार्ने भ्रूटा कुराहरू गरी बहकाउने, पर्चा दिने, विभिन्न प्रलोभन देखाई फकाउने काम गर्नेहरूबाट मण्डलीको विश्वासीहरू होशियारी रहन पवित्र आत्मा परमेश्वरले नै सहयाता गरुन् ।

### जानकारी

१. असोज ६ गते/सेप्टम्बर २२ ता. शनिबार नेइम पनौती मण्डलीमा ३ जनालाई डीकन अभिषेक गरियो ।

२. असोज १८ गते/अक्टोबर ४ ता. शुक्रबार नेइम ललितपुर मण्डलीमा ६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३. असोज २६ गते/अक्टोबर १२ ता. शनिबार नेइम गोंगबूँ मण्डलीमा ६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

४. कार्तिक ८ गते/अक्टोबर २५ ता. शुक्रबार नेइम ज्ञानेश्वर मण्डलीमा २२ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

## जानकारी

**मंसीर १ गते/नोभेम्बर १६ ता. शनिबार सेवापछि महिला उपबास प्रार्थना आ-आफ्नै मण्डलीमा**

**मंसीर १६ गते/डिसेम्बर १ ता. आइतबार बिहान १०-२ बजे सम्म नेइम परिषद्को बैठक ज्ञानेश्वर मण्डलीमा**

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | १७ 3<br>आजबाट शुरुहुने तीन दिनको अगापे युवा सम्मेलनको लागि प्रार्थना गरिदिऔं ।<br>योएल २:२८, १ तिमोथी ६:११-१४ | २४ 10<br>सबै विश्वासीहरू वचनमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>कलस्सी ३:१६, २ तिमोथी ३:१६-१७ | २ 17<br>प्रार्थना सभाहरूमा मण्डली परमेश्वरको इच्छा अनुसार प्रार्थनामा समय बिताउन सकून् ।<br>१ यूहन्ना ५:१४-१५ | ९ 24<br>विभिन्न देश, विदेशमा रोजगार, अध्ययनको सिलसिलामा गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>२ कोरिन्थी ५:१४-२१ | १६ December 1<br>नेइमअन्तर्गतका सबै शाखा/आवद्ध मण्डलीहरूमा संख्यात्मक वृद्धिको साथै प्रभुमा पाको, बलियो मण्डली हुँदै जान सकून् ।<br>एफिसी ३:१४-१९ |
| **सोमबार**<br>**Monday** | १८ 4<br>चाडपर्वका समयमा भर्खरै विश्वास गर्नुभएकाहरू, पानीको बप्तिस्मा लिनुभएका-हरू, अधुरो परिवारमा हुनु-भएकाहरू प्रभुमा स्थिर रहिरहन सकून् ।<br>रोमी ८:३१-३९ | २५ 11<br>मण्डलीका प्रत्येक परिवारका सदस्यहरूले परमेश्वरलाई आफ्नो जीवनमा, परिवारमा पहिलो स्थान दिन सकून् ।<br>अय्यूब १:१-५ | ३ 18<br>भारतको मुम्बई, पुना र अन्य कति ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ | १० 25<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>हिब्रू १२:१-३ | १७ 2<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>तीतस ३:१-३ |
| **मंगलबार**<br>**Tuesday** | १९ 5<br>आजहुने नेइम पुरुष रीट्रिटको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १२८:१-६ | २६ 12<br>मंगलबार हुने चंगाई सेवामा पवित्र आत्माबाटको छुट्कारा, चंगाई, निको हुवाई परमेश्वरको महिमाको लागि सबैले ग्रहण गर्न सकून् ।<br>मर्कूस १:२९-३४ | ४ 19<br>मण्डलीलाई अगुवाइ गरिरहनु भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डली-लाई पनि अघि बढाउन सकून् ।<br>भजनसंग्रह १०३:७ | ११ 26<br>मण्डलीमा आइरहनुभएका नयाँहरूलाई मण्डलीका विश्वासीहरूले भेटघाट गरिदिने र मण्डलीको सेवा संगतिहरूमा डोऱ्याउने काम गर्न सकून् ।<br>१ थेसलोनिकी ५:११ हिब्रू १०:२४ | १८ 3<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १४५:१७-२० |
| **बुधबार**<br>**Wednesday** | २० 6<br>विभिन्न सेवा, संगति र सम्मेलनहरूमा प्रचारिएको वचन अनुसार आज्ञाकारी हुँदै जानलाई पवित्र आत्माको सहायता मागौं ।<br>यूहन्ना १४:१५, २३-२४ | २७ 13<br>मण्डलीका सबै विश्वासीहरू प्रभुमा पाको हुँदै जान सकौं र एकअर्कालाई पनि प्रभुमा हुर्काउनेहरू हुन सकून् ।<br>२ कोरिन्थी ३:१-४, रोमी १५:१-६ | ५ 20<br>सबै विश्वासीहरू दिन प्रतिदिन ख्रीष्ट प्रभुको प्रेम प्रति अझ गहिरिँदै जान सकेको कारण सबै प्रति हाम्रो जीवनबाट प्रेम बगेर गएको होस् ।<br>मत्ती २२:३७-४० | १२ 27<br>मण्डलीका विश्वासीहरू बीच साँचो एकता, प्रेम समझदारी बढेर गएको होस् ।<br>१ यूहन्ना ४:१९-२० | १९ 4<br>हामी परमेश्वरका छोराछोरीहरू एक आपसमा प्रेममा जिउने-हरू हुन सकौं ।<br>एफिसी ४:२९-३२ |
| **बिहीबार**<br>**Thursday** | २१ 7<br>मण्डलीका सबै बाल बालिका-हरू प्रभुबाटको प्यार-प्रेम, सुरक्षामा हुर्कनुको साथै आफ्ना साथीभाइको बीचमा असल साक्षी हुन सकून् ।<br>उत्पत्ति १७:७-८ | २८ 14<br>येशू प्रभुलाई विश्वास गर्नेहरू विश्वासीहरू मात्र होइन तर ख्रीष्टको चेलाहरू भएर जिउन सकून् ।<br>कलस्सी १:२८ | ६ 21<br>मण्डलीका सबै विश्वासीहरू परमेश्वरलाई प्रेम गर्नेहरू भई परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकून् ।<br>१ पत्रुस ४:७-११ | १३ 28<br>मण्डलीका सबै वृद्ध/वृद्धाहरू तथ बेथानी आश्रममा बस्नुहुने बज्यैहरूका लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:११, ४६:३-४ | २० 5<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>कलसी ३:१३-१७ |
| **शुक्रबार**<br>**Friday** | २२ 8<br>वचनको सेवकाई गर्नुहुने, आराधना अगुवाई गर्नुहुने सेवक सेविकाहरूको लागि प्रार्थना गरौं ।<br>यूहन्ना १५:४, १ कोरिन्थी २:१०-१३ | २९ 15<br>प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचन अनुसार आज्ञाकारी हुँदै जान सकून् ।<br>लूका ६:४६-४९ | ७ 22<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू आत्मिक रूपमा बढ्दै जाने सेवा संगति हुन सकून् ।<br>भजनसंग्रह ९५:१-९ | १४ 29<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएरआउन सकौं ।<br>उपदेशक ५:१-६ | २१ 6<br>सेवा संगति साथै आराधना सेवामा हामी कोही पनि धर्म कर्म गरेझैं होइन तर सत्यतामा परमेश्वरलाई महिमा दिन र आराधना गर्न आउन सकौं ।<br>यूहन्न ४:२३-२४ भजनसंग्रह ८४:१-७ |
| **शनिबार**<br>**Saturday** | २३ 9<br>शाखा/आवद्ध साथै आउटरीच संगतिका झुण्डहरूलाई अगुवाइ गर्न सेवक/ सेविका-हरूको कमी नभएको होस् ।<br>लूका १०:२ | १ मंसीर 16<br>आज नेपाल देशका मण्डली-हरूमा धेरै मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्ति दाता भनेर विश्वास गर्न सकून् ।<br>१ तिमोथी २:१-६ | ८ 23<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ | १५ 30<br>विभिन्न काम व्यवसाय गर्ने सबै विश्वासीहरूले आफ्नो इमान्दारीताद्वारा परमेश्वरलाई महिमा दिन सकून् ।<br>भजनसंग्रह २५:२१ | २२ 7<br>येशू प्रभुलाई विश्वास गर्नेहरू विश्वासीहरू मात्र होइन तर ख्रीष्टको चेलाहरू भएर जिउन सकून् ।<br>कलस्सी १:२८ |

**तब तिमीहरूले पुकार गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ । तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ,...'म यहीँ छु' (यशैया ५८:९) । तिनीहरूले बिन्ती गर्न अघि नै म जवाफ दिनेछु । तिनीहरूले बोल्दाबोल्दै तिनीहरूका कुरा म सुन्नेछु (यशैया ६५:२४) ।**